प्रदेश लोक सेवा आयोग,
प्रदेश नं.२

# सूचना–पत्र

## BULLETIN


| वर्ष १ | २०७७ मंसिर २५ गते | अंक १ |
| --- | --- | --- |
| YEAR 1 | 10 DECEMBER 2020 | NO. 1 |


## विषयसूची

पृष्ठ


१. विज्ञापन १ –३
(क) रा.प.तृतीय श्रेणी/सातौं तह, खुला तथा समावेशी (प्राविधिक)


उम्मेदवारहरुलाइ विशेष जानकारी : सम्बन्धित पदका पाठयक्रम आयोगका वेबसाइट https://ppsc.p2.gov.np बाट डाउनलोड गरी प्राप्त गन सकिनेछ।

# प्रदेश नं. २, जनकपुरधाम

## प्रशासन शाखा

## राजपत्रांकित तृतीय श्रेणी/सातौं तह (प्राविधिक) पदको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं. १/०७७-७८ प्रकाशन मिति २०७७/०८/२५

प्रदेश सरकार (मन्त्रिपरीषद्) को मिति २०७७।०६।१२ को निर्णयानुसार कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को उपदफा (१) बमोजिम राजपत्रांकित तृतीय श्रेणी वा सो सरहको नेपाल इन्जिनियरीङ्ग सेवा तर्फका प्राविधिक पदहरु माग भए बमोजिम नेपाल इन्जिनियरिङ्ग सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणी/तहका रिक्त पदहरुको पदपूर्ति गर्नुपर्ने भएकाले प्रचलित कानून बमोजिम बढुवा तथा आ.प्र. तर्फको पदहरु तत्कालका लागि सुरक्षित राखी बाँकी पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगले तोकेको दरखास्त फाराम भरी राजस्व दस्तुर बुझाएको सक्कल भौचर सहित यस आयोगको कार्यालयमा बुझाउनु पर्नेछ। साथै आयोगको वेवसाइट https://ppsc.p2.gov.np बाट दरखास्त फाराम डाउनलोड गर्नुपर्नेछ।

(क) राजपत्राङ्कित तृतीय श्रेणी/सातौं तह (प्राविधिक)

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | किसिम/समूह | जम्मा माग पद संख्या |
|---|---|---|---|---|
| १. | १/०७७-७८ | क. इन्जिनियर, इन्जि., सिभिल, हाइवे | खुला | ३ (तीन) |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | २ (दुई) |
| | | ग. इन्जिनियर, इन्जि., सिभिल, ईरिगेशन | | १ (एक) |
| | | घ. इन्जिनियर, इन्जि., सिभिल, जनरल | | २ (दुई) |
| | | जम्मा | | ८ (आठ) |
| २. | २/०७७-७८ | क. इन्जिनियर, इन्जि., सिभिल, हाइवे | महिला | १ (एक) |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | १ (एक) |
| | | ग. इन्जिनियर, इन्जि., सिभिल, जनरल | | १ (एक) |
| | | जम्मा | | ३ (तीन) |
| ३. | ३/०७७-७८ | क. इन्जिनियर, इन्जि., सिभिल, हाइवे | आ.ज. | १ (एक) |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, जनरल | | १ (एक) |
| | | जम्मा | | २ (दुई) |
| ४. | ४/०७७-७८ | इन्जिनियर, इन्जि., सिभिल, हाइवे | मधेसी | १ (एक) |
| ५. | ५/०७७-७८ | इन्जिनियर, इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | ४ (चार) |
| ६. | ६/०७७-७८ | इन्जिनियर, इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | महिला | १ (एक) |
| ७. | ७/०७७-७८ | इन्जिनियर, इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | आ.ज. | १ (एक) |
| ८. | ८/०७७-७८ | इन्जिनियर, इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | मधेसी | १ (एक) |
| ९. | ९/०७७-७८ | इन्जिनियर, इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | दलित | १ (एक) |
| १०. | १०/०७७-७८ | हाइड्रोजियोलोजिष्ट., इन्जि., जियोलोजी, हाइड्रोजियोलोजि | खुला | १ (एक) |
| ११. | ११/०७७-७८ | हाइड्रोजियोलोजिष्ट., इन्जि., जियोलोजी, हाइड्रोजियोलोजि | महिला | १ (एक) |

परीक्षाको किसिमः- लिखित, सामूहिक छलफल र अन्तर्वार्ता।

परीक्षा मिति :- पछि प्रकाशन गरिनेछ।

परीक्षा केन्द्रः- प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२, जनकपुरधामले तोके बमोजिम।

दरखास्त दस्तुरः- प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ। एकै सेवा/समूह/उपसमूहको पदका समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु.४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ।

दरखास्त दस्तुर बुझाउने स्थान :- प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२०००००१००१००००१ मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामवाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ।

दरखास्त फाराम :- आयोगको Website: https://ppsc.p2.gov.np बाट Download गरी आवश्यक विवरण भरी तोकिएको कागजात सहित साधारण रेकर्ड फाइलको आवरण पृष्ठमा विज्ञापन नम्बर, तह, पद, सेवा, समूह, उपसमूह, समावेशी समूह र उम्मेदवारको नाम, थर तथा सम्पर्क नम्बर समेत उल्लेख गरी आवश्यक कागजात सहित दरखास्त बुझाउनु पर्नेछ।

दरखास्त फाराम पेश गर्नुपर्ने स्थान : प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२, जनकपुरधाम।

संलग्न गर्नुपर्ने कागजातहरु : उम्मेदवारले शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात, सक्कल बैंक भौचर लगायत सम्बन्धित विज्ञापनमा तोकिएका प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्वन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

दरखास्त दिने अन्तिम मिति : २०७७/९/१५ र दोब्बर दस्तुर तिरी २०७७/९/२२ सम्म।

उम्मेदवारको उमेरको हद :

- उमेरको हकमा २०७७/९/१५ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

अन्तर्वार्ता अधिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति :- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
पदमा रही गर्नुपर्ने कामको विवरण :-सेवा, समूह सम्बन्धी ।
तलब :- प्रदेश नं.२ कानून बमोजिम ।
सेवा सम्बन्धी मन्त्रालय :- सेवा, समूह, उपसमूह सञ्चालन गर्ने प्रदेश नं.२ का मन्त्रालय ।

## खुलाको लागि आवश्यक न्यूनतम योग्यता:

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको । साथै निजामती सेवा ऐन, २०४९ को अधिनमा रही नेपाल इन्जिनियरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ को दफा ७ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

१. इन्जि., सिभिल, जनरल :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
२. इन्जि., सिभिल, हाइवे :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा हाइवे इन्जिनियरिङ्ग वा ट्रान्सपोर्टेशन इन्जिनियरिङ्ग वा स्ट्रक्चरल इन्जिनियरिङ्ग विषयमा कम्तीमा बी.ई. वा सो सरह उत्तीर्ण ।
३. इन्जि., सिभिल, स्यानिटरी :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा स्यानिटरी इन्जिनियरिङ्ग वा पब्लिक हेल्थ इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
४. इन्जि., सिभिल, इरिगेशन :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
५. इन्जि., सिभिल, बिल्डिङ्ग एण्ड आर्कटेक्ट :- मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चर वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
६. हाइड्रोजियोलोजिष्ट, इन्जि., जियोलोजी, हाइड्रोजियोलोजि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रोजियोलोजी विषयमा वा हाइड्रोजियोलाजी वा ग्राउण्ड वाटर हाइड्रोलोजी लिई जियोलोजी वा जियोफिजिक्सि वा जियोलोजिकल इन्जिनियरिङ्ग वा एप्लाइड जियोलोजीमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ्ग इन्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी ग्राउण्ड वाटर सम्बन्धी विषयमा तीन महिनाको तालीम प्राप्त ।

## उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ
उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

### अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।
(ख) मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।
(ग) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

## द्रष्टव्य

(क) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।
(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
(ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।
(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(ङ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।
(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।
(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
(ज) पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.p2.gov.np बाट प्राप्त गर्न सकिने छ ।
(ञ) कोभिड-१९ संक्रामक रोगबाट सृजना हुन सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न संक्रमणको विशेष अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाइने छ ।

सर्वाधिकार प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२, जनकपुरधाममा सुरक्षित

प्रकाशकः प्रदेश लोक सेवा आयोग, प्रदेन नं.२, जनकपुरधाम ।
ई-मेलः: **info.ppsc@p2.gov.np** वेभसाइट**: https://ppsc.p2.gov.np**
टेलिफोन नं.: ०४१-५९०२४७
२०७७/०८/२५ विहिबार